# रेस्टुरेन्ट जाँदै

रेस्टुरेन्टमा खाना खान जांदा रमाइलो हुन सक्छ! म मेरो परिवारसँग समय बिताउन र खानाको मज्जा लिन सक्छु।




हरेक रेस्टुरेन्ट फरक हुन्छन्। कहिलेकाहीँ त्यहाँ होहल्ला, कहिलेकाहीँ शान्त, कहिलेकाहीँ भीडभाडयुक्त वा कहिलेकाहीँ कम मानिसहरू हुन सक्छन्। केहीमा उज्यालो बत्तीहरू हुन सक्छन्, वा केही अँध्यारो पनि हुन सक्छन्।



जब म रेस्टुरेन्टमा पुग्छु, मैले तुरुन्तै टेबलमा बस्न पाउन सक्छु, वा मलाई लाइनमा वा लबीमा पर्खनु पर्ने हुन सक्छ।



जब मेरो टेबल तयार हुन्छ, वेटरले मलाई त्यहाँ लैजान्छ। म टेबलमा वा बुथमा बस्न सक्छु।



मैले के खाने र पिउने भनेर मेनु हेरेर निर्णय गर्छु।




वेटरले हाम्रो अर्डर लिनेछ। टेबलमा भएका प्रत्येक व्यक्तिको पालो आउछ। वेटरले मलाई हेरेर के चाहिन्छ भनेर सोधेपछी मेरो पालो आयो भनेर बुझ्छु।



# रेस्टुरेन्ट जाँदै

आफुले अर्डर गरेको खाना नआउन्जेल, म केही गर्नको लागि साथमा केहि ल्याउन सक्छु। धेरै आवाज निकाल्ने कुनै पनि चीज ल्याउनु हुँदैन, जसले गर्दा अरू मानिसहरूलाई कुनै समस्या नहोस्।



खाना आइपुगेपछि, वेटरले खाना मेरो टेबलमा अगाडि राख्नेछ।



म टेबलमा भएको मेरो खाना मात्र खान्छु, अरू कसैको खाना खान्न।



आफुले खाना खाइसकेपछि, म अरू सबैले खाना नसकुन्जेल पर्खनेछु।



सबैले खाना खाइसकेपछि, वेटरले बिल ल्याउनेछ। टेबलमा भएको कसैले, नगद वा क्रेडिट/डेबिट कार्डबाट खानाको पैसा तिर्नेछ।




बिल तिरेपछि, म रेस्टुरेन्ट बाट निस्किन सक्छु ।




ASERT
Bringing autism resources together.

PAautism.org

अटिजम सम्बन्धित पेन्सलभेनियाको प्रमुख श्रोतहरू र जानकारी
877-231-4244

*ASERT* सहकार्यलाई पेन्सलभेनियाको मानव सेवा विभागको विकासात्मक कार्यक्रम कार्यालयद्वारा आर्थिक सहयोग गरिएको छ

Nepali